# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भकुण्डे, काभ्रेपलाञ्चोक
# ३ नं. प्रदेश, नेपाल

## नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको खानी तथा खोला/नदीबाट उत्खनन्/संकलन हुने रोडा,ढुंगा,बालुवा,ग्राभेल, माटो संकलन तथा बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**पाँचौ पटक प्रकासित मिति: २०७६/१०/०१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०७६/०७७ को सम्झौता भएको मितिदेखि २०७७ आषाढ मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक विधेयकमा उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी स्वीकृत प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) मा उल्लेखित परिमाणमा उत्पादन गरिएका रोडा,ढुंगा,बालुवा,ग्राबेल र माटो आदीमा संकलन तथा बिक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालय बाट Bid Document लिइ ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य(मू.अ.क सहित) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको निजी खानी तथा खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने ढुंगा,गिट्टी,ग्राभेल, वालुवा, माटो, आदी बिक्री तथा संकलन शुल्क संकलन कार्य । | १,५५,४०,०००।०० (एक करोड पचपन्न लाख चालिस हजार रुपैंया मात्र) | ३,०००/- (तिन हजार मात्र) | |

नोट: यस सम्बन्धि वस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।